काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २५२ ❐ बुधवार, १० असार, २०८३ ❐ Wednesday, 24 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

निजी शिक्षालयमा साढे ३७ लाख विद्यार्थी

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ९ असार

देशभरि निजी शिक्षण संस्थामा साढे ३७ लाख विद्यार्थी रहेको सरकारी सर्वेक्षणबाट देखिएको छ।

राष्ट्रिय तथ्यांक कार्यालयले मंगलबार सार्वजनिक गरेको 'नेपाल शिक्षण संस्था सर्वेक्षण २०८१' अनुसार देशभरिका निजी शिक्षण संस्थामा ३७ लाख ४१ हजार विद्यार्थी अध्ययनरत देखिएको छ। सर्वेक्षण आर्थिक वर्ष २०८०/८१ लाई आधार मानेर गरिएको हो। सन्दर्भ वर्षमा यसमध्ये पूर्वप्राथमिक तहमा ९ लाख ३२ हजार, आधारभूत शिक्षा (कक्षा १-८ सम्म) १८ लाख ६४ हजार र माध्यमिक तहमा ४ लाख ९१ हजार विद्यार्थी अध्ययनरत छन्।

त्यस्तै उच्च शिक्षामा ४ लाख ६६ हजार र प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रिडिप्लोमा तथा डिप्लोमा तहमा जम्मा ३५ हजार ६ सय ८८ विद्यार्थी रहेको कार्यालयले जनाएको छ। उच्च शिक्षा अध्ययन गर्ने ४ लाख ६६ हजार विद्यार्थीमध्ये २ लाख १४ हजार ९ सय ९७ अर्थात् करिब ४६ प्रतिशत विद्यार्थी बागमती प्रदेशमा रहेको तथ्यांक छ।

संकायगत हेर्दा निजी शिक्षण संस्थामा सबैभन्दा धेरै उच्च शिक्षा लिने व्यवस्थापन तथा वाणिज्य संकायका २ लाख ३६ हजार ५ सय ८१ जना छन्।

शिक्षा संकायमा १ लाख १२ हजार ७ सय ७६, मानविकी तथा सामाजिक शास्त्रमा ४१ हजार ९, विज्ञान तथा प्रविधि अध्ययन संकायमा ३६ हजार १ सय ५९ र इन्जिनियरिङमा २१ हजार ७ सय ३९ विद्यार्थी रहेको देखिन्छ।

कर्णालीमा जडिबुटी प्रशोधन उद्योग नहुँदा आर्थिक अवसर गुमाउँदै किसान

४ सय प्रजातिका बहुमूल्य जडीबुटी पाइने प्रदेशमा प्रशोधन उद्योग छैन, कच्चा पदार्थकै रूपमा निकासी हुँदा किसान र प्रदेश दुवैले गुमाइरहेका छन् ठूलो आर्थिक अवसर

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ९ असार

कर्णाली प्रदेश प्राकृतिक जडीबुटीको भण्डारका रूपमा परिचित छ। यहाँ पाइने बहुमूल्य जडीबुटीले प्रदेशको आर्थिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना रहे पनि आवश्यक पूर्वाधार, प्रशोधन उद्योग र स्पष्ट नीतिको अभावले यो सम्भावना अझै व्यवहारमा रूपान्तरण हुन सकेको छैन। नेपाल राष्ट्र बैंकको कर्णाली प्रदेश आर्थिक गतिविधि अध्ययन प्रतिवेदन २०८१/८२ ले समेत जडीबुटी क्षेत्रलाई प्रदेशको आयस्तर वृद्धि गर्ने प्रमुख आधारमध्ये एकका रूपमा औंल्याएको छ।

प्रदेश वन निर्देशनालयका अनुसार कर्णालीमा करिब ४ सय प्रजातिका जडीबुटी पाइन्छन्। यार्सागुम्बा, जटामसी, पाँचऔंले, चिराइतो, टिम्मुर, अमला र चिउरीजस्ता बहुमूल्य जडीबुटी यहाँबाट वार्षिक रूपमा निकासी हुने गरेका छन्। गत आर्थिक वर्षमा मात्रै करिब ८० प्रजातिका जडीबुटी प्रदेशबाट बाहिरिएका थिए। तर तीमध्ये अधिकांश कच्चा पदार्थकै रूपमा बिक्री हुँदा वास्तविक आर्थिक लाभ प्रदेशभित्र रहन सकेको छैन।

कच्चा निकासीले गुमिरहेको मूल्य

जडीबुटी संकलन गर्ने स्थानीय नागरिकले मेहनतअनुसारको मूल्य पाउन सकेका छैनन्। प्रशोधन र भण्डारणको व्यवस्था नहुँदा कच्चा पदार्थ सस्तो मूल्यमा बाहिरिने गरेको छ भने प्रशोधनपछि हुने अतिरिक्त लाभ बाह्य बजार र बिचौलियाको हातमा पुग्ने गरेको छ। प्रदेश वन निर्देशनालयका अनुसार गत वर्ष जडीबुटीबाट करिब पौने दुई करोड रुपैयाँ राजस्व संकलन भए पनि उपलब्ध स्रोतको तुलनामा यो निकै न्यून उपलब्धि हो।



कर्णाली प्रदेश योजना आयोगका पूर्वउपाध्यक्ष योगेन्द्र शाहीका अनुसार जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न सके प्रदेशको आन्तरिक आम्दानी वृद्धि हुनुका साथै स्थानीय नागरिकको आयस्तरमा पनि उल्लेखनीय सुधार आउन सक्छ। हालको अवस्थामा भने संकलकले कम मूल्य पाउने र बिचौलियाले बढी लाभ लिने अवस्था कायम रहेको छ।

योजना धेरै, कार्यान्वयन शून्य

कर्णाली प्रदेश सरकारले आफ्ना दुवै पञ्चवर्षीय योजनामा जडीबुटीलाई आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा समावेश गरेको छ। निजी क्षेत्रसँग साझेदारीमा प्रशोधन कम्पनी स्थापना गर्ने, अनुसन्धान प्रयोगशाला बनाउने तथा प्रशोधित वस्तु निर्यात गर्ने लक्ष्य बारम्बार दोहोरिएको छ। तर ती योजना कागजमै सीमित भएका छन्। हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमा जडीबुटी प्रशोधन उद्योगको चर्चा हुने गरेको छ। आगामी आर्थिक वर्षका लागि पनि संरक्षण, प्रशोधन र बजारीकरणमा १ करोड ९० लाख रुपैयाँ विनियोजन गरिएको छ। चालु वर्षमा छुट्याइएको दुई करोड रुपैयाँ समेत खर्च हुन नसक्नु कार्यान्वयन पक्षको कमजोरीको उदाहरण हो। सरोकारवालाहरूका अनुसार स्पष्ट कानुनी आधार, व्यवहारिक योजना र लगानी आकर्षित गर्ने नीति नहुँदा कार्यक्रम प्रभावकारी बन्न सकेका छैनन्। जडीबुटी प्रशोधन क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका विज्ञ तथा उद्योगीहरू सरकारको नीति अस्पष्ट हुँदा निजी क्षेत्र लगानी गर्न हिच्किचाइरहेको बताउँछन्। बायोकेमिकल विज्ञ राजेन्द्र विष्टका अनुसार कच्चा जडीबुटीको तुलनामा प्रशोधित उत्पादनको मूल्य कैयौं गुणा बढ्न सक्छ। उदाहरणका रूपमा पाँचऔंलेबाट तेल उत्पादन गरी बिक्री गर्दा यसको मूल्य कच्चा पदार्थको तुलनामा धेरै गुणा बढ्ने सम्भावना रहेको उनको भनाइ छ।

चार करोडको केन्द्र अझै उपयोगविहीन

जडीबुटी क्षेत्रको विकासका लागि निर्माण गरिएको पूर्वाधारसमेत प्रयोगविहीन बनेको छ। वीरेन्द्रनगरमा सार्वजनिक,निजी साझेदारी मोडेलमा निर्माण गरिएको जडीबुटी संकलन तथा प्रशोधन व्यावसायिक केन्द्रमा करिब चार करोड रुपैयाँ खर्च भइसकेको छ। १५ सय मेट्रिक टनसम्म जडीबुटी भण्डारण गर्न सक्ने क्षमता रहेको केन्द्र दशकभन्दा बढी समयपछि पनि सञ्चालनमा आउन सकेको छैन। सडक पहुँच र कानुनी जटिलताका कारण केन्द्र सञ्चालन हुन नसक्दा कर्णालीका व्यवसायी अझै आफ्ना उत्पादन नेपालगञ्जलगायत अन्य स्थानमा लैजान बाध्य छन्। यसले दुवानी खर्च बढाएको छ भने स्थानीय स्तरमा मूल्य अभिवृद्धिको अवसर पनि गुमेको छ।

'गुट र प्यानल बनाएर तमासा नबनाउनू'

❐ काँक्रेविहार संवाददाता

चितवन, ९ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीको पहिलो महाधिवेशनअन्तर्गतको निर्वाचनमा कुनै पनि गुट, उपगुट र प्यानल नबनाउन प्रतिनिधिलाई निर्देशन दिएका छन्।

महाधिवेशनको बन्दसत्रको उद्घाटन गर्दै उनले चुनावमा स्वस्थ प्रतिस्पर्धा हुनुपर्ने भन्दै भित्रभित्रै नाम पठाउने र फोनबाट भोट माग्ने जस्ता अस्वस्थ गतिविधि नगर्न सचेत गराएका हुन्।

रास्वपालाई यहाँसम्म ल्याइपुऱ्याउन नेपाली नागरिकले अथाह विश्वास गरेको भन्दै उनले अब उपलब्धिलाई



परिणाममा बदल्ने बेला आएको बताए। 'सपना देख्दैमा र चाहना राख्दैमा अटो पाइलटमा गएर आफैं पूरा हुँदैन, यसका लागि केही कदम चाल्नैपर्छ,' लामिछानेले भने। संसारको राजनीतिक इतिहासमै विरलै हुने गरी पहिलो महाधिवेशनअगावै पार्टीले झण्डै दुई तिहाइको सरकार प्राप्त गरेको दाबी गर्दै उनले यसको महिमागान मात्र गाएर हिँड्न नहुनेमा जोड दिए।

लामिछानेले सभापतिको विशेषाधिकार प्रयोग गर्दै महाधिवेशन प्रतिनिधिका लागि तोकिएको ५ हजार रुपैयाँ शुल्कलाई ऐच्छिक बनाएको घोषणा समेत गरे। धेरै दिन बस्दा प्रतिनिधिको खर्च बढेको र आर्थिक भारकै कारण कोही पनि मतदानबाट वञ्चित भएर फर्किनु नपरोस् भन्नका लागि उनले यस्तो निर्णय लिएका हुन्।

शुल्क तिरिसकेका प्रतिनिधिले चाहेमा रकम फिर्ता लिन सक्ने र शुल्क तिर्न नसक्नेहरूका लागि पार्टीले नै वैकल्पिक स्रोतको व्यवस्था गर्ने उनले प्रस्ट पारे। राजनीतिमा एकअर्काको खुट्टा तान्ने प्रवृत्ति रहेको भन्दै उनले सक्नेले नसक्नेको हात समातेर माथि तान्न आग्रह गरे।

पार्टीभित्र पदीय जिम्मेवारी वा उम्मेदवारीलाई लिएर चलेका विभिन्न अफवाहको पनि उनले खण्डन गरे। सांसद वा मन्त्री भएकालाई उम्मेदवार बन्न नदिने वा पुराना र नयाँबिच विभेद गर्ने कुनै पनि औपचारिक निर्णय पार्टीले नगरेको उनले स्पष्ट पारे। जसले पनि निर्बाध रूपमा उम्मेदवारी दिन पाउने भन्दै बाँकी पृष्ठ २

रास्वपा महाधिवेशनमा आज बिहानदेखि मतदान



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) महाधिवेशनअन्तर्गत आज (बुधबार) पहिलो चरणको मतदान सुरु हुने भएको छ। मंगलबार केन्द्रीय निर्वाचन आयोगले संशोधित कार्यतालिका प्रकाशन गर्दै बुधबार बिहानदेखि मतदान हुने जनाएको हो। पहिलो चरणमा पार्टी सभापति र केन्द्रीय सदस्यहरूका लागि निर्वाचन हुनेछ। मतदानको समय भने खुलाइएको छैन। मतदान सम्पन्न भएको दुई घण्टापछि पहिलो चरणको मतगणना र मतपरिणाम घोषणा गर्ने आयोगका प्रमुख भुवन केसीले जानकारी दिए। उनका अनुसार दोस्रो चरणको उम्मेदवारी र अन्य थप निर्वाचन कार्यतालिका पछि प्रकाशन गरिनेछ।

५ लाख नाघे रास्वपाका सदस्य, कुन प्रदेशबाट कति ?

रास्वपाको सदस्य सङ्ख्या ५ लाख २३ हजार ४६५ पुगेको छ। मंगलबार पार्टीको प्रथम महाधिवेशनको बन्दसत्रमा महामन्त्री कवीन्द्र बुर्लाकोटीले पेस गरेको सांगठनिक प्रतिवेदनमा सो संख्या उल्लेख छ। पार्टीको सदस्य मधेश प्रदेशबाट सबैभन्दा धेरै छन्। प्रतिवेदनमा उल्लेख भएअनुसार कोशीबाट १४ प्रतिशत, मधेशबाट २३.३, बागमतीबाट २०.५, गण्डकीबाट ११.८, लुम्बिनीबाट १४.५, कर्णालीबाट ५.२ र सुदूरपश्चिमबाट १०.६ प्रतिशत रहेको छ।

सम्पादकीय

आन्तरिक आम्दानीको उत्साहजनक उपलब्धि

कर्णाली प्रदेशका तीनवटा यातायात कार्यालयहरूले चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो ११ महिनामै ३१ करोड २३ लाख रूपैयाँभन्दा बढी राजस्व संकलन गर्नु प्रदेशको आन्तरिक आम्दानीका दृष्टिले उत्साहजनक उपलब्धि हो । सीमित आर्थिक स्रोत र संघीय अनुदानमा अत्यधिक निर्भर रहँदै आएको कर्णालीका लागि यातायात क्षेत्र राजस्वको भरपर्दो आधारका रूपमा स्थापित हुँदै गएको तथ्यले प्रदेशको वित्तीय क्षमतामा सकारात्मक संकेत दिएको छ । राजस्व संकलनको अधिकांश हिस्सा सवारी साधन करबाट आएको छ । कुल राजस्वको करिब ८० प्रतिशत योगदान सवारी करबाट हुनु प्रदेशमा सवारी साधनको संख्या वृद्धि, कर प्रशासनको प्रभावकारिता तथा सेवा विस्तारको परिणाम हो । विशेषगरी सुर्खेतले एक्लैले २६ करोड ७० लाख रूपैयाँभन्दा बढी राजस्व संकलन गर्नु प्रदेश राजधानीका रूपमा यसको प्रशासनिक र आर्थिक गतिविधिको केन्द्रिय भूमिकालाई पुष्टि गर्छ ।

यद्यपि, यो उपलब्धिसँगै केही महत्वपूर्ण प्रश्नहरू पनि उठेका छन् । प्रदेशको राजस्व संरचना अत्यधिक रूपमा सवारी करमा निर्भर हुनु दीर्घकालीन रूपमा स्वस्थ संकेत मान्न सकिँदैन । आर्थिक स्थायित्वका लागि राजस्वका स्रोतहरू विविधीकरण हुनु आवश्यक हुन्छ । यदि कुनै कारणले सवारी बिक्री, दर्ता वा नवीकरणमा कमी आयो भने प्रदेशको आम्दानीमा प्रत्यक्ष असर पर्न सक्छ । त्यसैले सरकारले यातायात क्षेत्रसँगै पर्यटन, उद्योग, कृषि, प्राकृतिक स्रोत तथा सेवा क्षेत्रबाट पनि आन्तरिक आम्दानी बढाउने रणनीति अवलम्बन गर्नुपर्छ । राजस्व संकलनमा सुर्खेत, जुम्ला र चौरजहारीबीच देखिएको ठूलो असन्तुलन पनि ध्यान दिनुपर्ने विषय हो । चौरजहारी कार्यालयले रूट परमिट तथा पटके शुल्क शीर्षकमा एक रूपैयाँसमेत संकलन नगर्नु व्यवस्थापन, सेवा विस्तार वा यातायात व्यवसायको अवस्थाबारे थप अध्ययन आवश्यक रहेको संकेत हो । प्रदेशका सबै जिल्लामा समान रूपमा सेवा विस्तार र राजस्व व्यवस्थापन सुधार गर्न सकेमा आम्दानी अझ बढ्न सक्छ ।

जरिवाना तथा प्रशासनिक दण्डबाट न्यून राजस्व संकलन भएको तथ्यलाई दुई दृष्टिकोणबाट हेर्न सकिन्छ । यातायात नियम उल्लंघनका घटना घटेका हुन् भने यो सकारात्मक पक्ष हो। तर नियम कार्यान्वयन कमजोर भएको परिणाम हो भने सम्बन्धित निकायले निगरानी र प्रशासनिक क्षमता बलियो बनाउन आवश्यक छ । गत वर्षको कुल राजस्वलाई चालु वर्षको ११ महिनाकै संकलनले लगभग भेटिसकेको अवस्था छ । यसले असार महिनाको आम्दानी जोडिँदा नयाँ कीर्तिमान कायम हुन सक्ने सम्भावना देखाउँछ । तर राजस्व संकलन आफैंमा अन्तिम लक्ष्य होइन। संकलित रकमलाई सडक पूर्वाधार, सुरक्षित यातायात सेवा, सवारी व्यवस्थापन र नागरिकमैत्री सेवा प्रवाहमा प्रभावकारी रूपमा लगानी गर्न सके मात्रै यसको वास्तविक अर्थ रहन्छ । कर्णालीको आर्थिक आत्मनिर्भरताको यात्रामा यातायात क्षेत्रले महत्वपूर्ण योगदान दिएको छ। अब प्रदेश सरकारको दायित्व यो उपलब्धिलाई दिगो बनाउँदै राजस्वका अन्य सम्भावनाहरूको पनि खोजी गर्नु हो । आर्थिक आधार फराकिलो बनाउने दिशामा अघि बढ्न सके मात्र कर्णालीले समृद्धिको लक्ष्यतर्फ मजबुत पाइला चाल्न सक्नेछ ।

नेपालको सङ्घीय शासन प्रणालीलाई कसरी थप सक्षम, उत्तरदायी र जनमुखी बनाउन सकिन्छ ?



✍ डा. गंगादत्त नेपाल

नेपालको संविधान २०७२ जारी भएको करिब एक दशक पूरा हुन लागेको छ। संविधान निर्माण नेपालको राजनीतिक इतिहासको एउटा महत्त्वपूर्ण उपलब्धि थियो, जसले लामो राजनीतिक सङ्क्रमण अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने नयाँ युगको सुरुवात गऱ्यो। संविधानले समावेशी लोकतन्त्र, सामाजिक न्याय, अधिकारको विकेन्द्रीकरण, सङ्घीय शासन प्रणाली तथा जनताको नजिकबाट सेवा प्रवाह गर्ने उद्देश्यलाई आत्मसात् गरेको छ।

विगत १० वर्षमा संघ, प्रदेश र स्थानीय तहका निर्वाचन सफलतापूर्वक सम्पन्न भएका छन्, तीनै तहका सरकार क्रियाशील छन् र नागरिकले स्थानीय सरकारमार्फत धेरै आधारभूत सेवा आफ्नै स्थानबाट प्राप्त गर्न थालेका छन् । यी उपलब्धि सङ्घीयताको कार्यान्वयनका दृष्टिले महत्त्वपूर्ण माइलस्टोन हुन् । यद्यपि, संविधान कार्यान्वयनको अनुभवले केही गम्भीर चुनौती पनि उजागर गरेको छ। संघ, प्रदेश र स्थानीय तहबिच अधिकार र जिम्मेवारीको स्पष्ट सीमाङ्कन हुन नसक्दा कार्य दोहोरोपन, कानुनी अस्पष्टता, प्रशासनिक जटिलता तथा स्रोत-साधनको अनावश्यक दोहोरो परिचालन देखिएको छ । कतिपय अवस्थामा एउटै विषयमा तीन तहका सरकारले समान प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक स्रोतको प्रभावकारी उपयोग हुन सकेको छैन। अन्तरसरकारी समन्वय कमजोर हुनु, वित्तीय अधिकारको पर्याप्त विकेन्द्रीकरण हुन नसक्नु, प्रदेश सरकारको भूमिका अपेक्षाअनुसार प्रभावकारी बन्न नसक्नु तथा प्रशासनिक संरचना आवश्यकताभन्दा बढी खर्चिलो हुनुजस्ता समस्याले सङ्घीय शासन प्रणालीप्रति नागरिकको विश्वास र अपेक्षामा पनि प्रश्न उठाउन थालेका छन्।

सङ्घीय शासन प्रणाली आफैंमा समस्या होइन; यसको प्रभावकारिता त्यसको कार्यान्वयनको ढाँचा, संस्थागत क्षमता र राजनीतिक प्रतिबद्धतामा निर्भर हुन्छ । विश्वका सफल सङ्घीय मुलुक- जस्तै जर्मनी, स्विट्जरल्यान्ड, क्यानडा र अष्ट्रेलियाको अनुभवले देखाउँछ कि सङ्घीयता सफल बनाउन अधिकारको स्पष्ट बाँडफाँट, उत्तरदायित्वको सुनिश्चितता, वित्तीय स्वायत्तता, प्रभावकारी अन्तरसरकारी समन्वय, सक्षम सार्वजनिक प्रशासन तथा सार्वजनिक खर्चमा मितव्ययिता अत्यावश्यक हुन्छ । यी देशले सङ्घीय संरचनालाई समयानुकूल सुधार गर्दै नागरिकमैत्री शासन प्रणाली विकास गरेका छन्। नेपालमा पनि संविधानलाई अपरिवर्तनीय दस्तावेजका रूपमा होइन, समय, अनुभव र राष्ट्रिय आवश्यकताअनुसार परिमार्जन गर्न सकिने जीवित दस्तावेजका रूपमा हेर्न आवश्यक छ। संविधान संशोधनको उद्देश्य सङ्घीयताको मूल मर्मलाई कमजोर बनाउनु होइन, बरु यसको कार्यान्वयनलाई अझ प्रभावकारी, उत्तरदायी, मितव्ययी र परिणाममुखी बनाउनु हो। सङ्घीय संरचनालाई थप सुदृढ गर्दै विकास निर्माणको गति बढाउने, सार्वजनिक सेवा प्रवाहलाई सरल र छरितो बनाउने तथा राज्यका सीमित स्रोत-साधनको अधिकतम सदुपयोग सुनिश्चित गर्ने दिशामा आवश्यक सुधार गर्नु आजको आवश्यकता हो ।

यस लेखमा प्रस्तुत सुझाव कुनै राजनीतिक दृष्टिकोण वा दलगत स्वार्थमा आधारित होइनन्। यी सुझाव नेपाल तथा विभिन्न देशमा अध्ययन, अनुसन्धान, सार्वजनिक नीति निर्माण, विकास योजना र सङ्घीय शासनसम्बन्धी लामो व्यावसायिक अनुभवका आधारमा तयार गरिएका हुन् । उद्देश्य केवल एउटा हो, संविधानको मूल भावना अक्षुण्ण राख्दै नेपालको सङ्घीय शासन प्रणालीलाई अझ प्रभावकारी, उत्तरदायी, जनमुखी र आर्थिक रूपमा दिगो बनाउने राष्ट्रिय बहसलाई रचनात्मक योगदान पुऱ्याउनु।

१. संघीय संरचनाको पुनर्सन्तुलन

सङ्घीय शासन प्रणालीको मूल उद्देश्य अधिकार र जिम्मेवारीलाई विभिन्न तहका सरकारबिच स्पष्ट रूपमा बाँडफाँट गरी शासनलाई नागरिकको नजिक, प्रभावकारी र उत्तरदायी बनाउनु हो, तर नेपालको अनुभवले संघ, प्रदेश र स्थानीय तहबिच कार्यक्षेत्रको स्पष्ट सीमाङ्कन नहुँदा एउटै प्रकृतिका कार्यक्रम विभिन्न तहबाट सञ्चालन हुने, स्रोत-साधनको दोहोरो परिचालन हुने तथा नीतिगत अन्योल सिर्जना हुने अवस्था देखाएको छ। यसले विकासको गति सुस्त हुनुका साथै सार्वजनिक खर्च पनि अनावश्यक रूपमा बढाएको छ । यस सन्दर्भमा सङ्घीय सरकारले राष्ट्रिय नीति निर्माण, राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध, मौद्रिक तथा वित्तीय नीति, अन्तर्राष्ट्रिय सन्धि-सम्झौता, राष्ट्रिय पूर्वाधार, प्राकृतिक स्रोतको समग्र नीति तथा राष्ट्रिय रणनीतिक महत्त्वका विषयमा केन्द्रित हुनुपर्छ । सङ्घीय सरकारको भूमिका कार्यान्वयनभन्दा बढी नीति निर्माण, नियमन, मापदण्ड निर्धारण, अनुगमन तथा अन्तरप्रदेशीय समन्वयमा केन्द्रित हुनु उपयुक्त हुन्छ। विकास निर्माणका अधिकांश कार्यक्रम, विशेष गरी प्रदेशस्तरीय पूर्वाधार, कृषि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य तथा क्षेत्रीय आर्थिक विकाससँग सम्बन्धित योजना प्रदेश सरकारमार्फत सञ्चालन गरिनुपर्छ। यसले प्रदेश सरकारलाई संविधानले परिकल्पना गरेको विकासको नेतृत्वदायी भूमिकामा स्थापित गर्नेछ र प्रदेशहरूबिच स्वस्थ प्रतिस्पर्धासमेत विकास हुनेछ । स्थानीय तहको मुख्य जिम्मेवारी भनेको नागरिकलाई प्रत्यक्ष सेवा प्रवाह, आधारभूत शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, स्थानीय सडक, खानेपानी, सरसफाइ, स्थानीय बजार व्यवस्थापन, कृषि विस्तार तथा स्थानीय विकासका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नु हुनुपर्छ । स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले यसको प्राथमिकता छिटो, सरल, पारदर्शी र गुणस्तरीय सार्वजनिक सेवा प्रदान गर्नु हो । यस प्रकार अधिकार, जिम्मेवारी र स्रोतको स्पष्ट बाँडफाँट गर्न सकिएमा कार्यदोहोरोपन घट्ने, प्रशासनिक खर्च नियन्त्रण हुने, विकास कार्यक्रमको प्रभावकारिता बढ्ने तथा प्रत्येक तहको सरकार आफ्नो कार्यसम्पादनप्रति स्पष्ट रूपमा उत्तरदायी बन्नेछ। साथै, नागरिकले पनि कुन सेवाका लागि कुन तहको सरकार जिम्मेवार हो भन्ने विषयमा स्पष्ट जानकारी पाउनेछन्।

त्यसैगरी, प्रदेश र स्थानीय तहबिच योजना तर्जुमा, बजेट व्यवस्थापन, साझा पूर्वाधार निर्माण, प्राकृतिक स्रोतको उपयोग तथा प्रशासनिक विवाद समाधानका लागि प्रभावकारी अन्तरसरकारी समन्वय संयन्त्रको संवैधानिक व्यवस्था आवश्यक छ । वर्तमानमा यस्ता विषयमा स्पष्ट संस्थागत व्यवस्था अभाव हुँदा धेरै विवाद सङ्घीय सरकारसम्म पुग्ने गरेका छन्। यदि प्रदेश र स्थानीय तहबिच नियमित समन्वय, विवाद समाधान तथा संयुक्त योजना निर्माणका लागि स्थायी संवैधानिक संयन्त्र स्थापना गर्न सकियो भने सङ्घीय शासन प्रणाली अझ प्रभावकारी, सहकार्यमा आधारित र परिणाममुखी बन्नेछ।

२. संसद् र सरकारलाई मितव्ययी बनाउने

नेपालको वर्तमान आर्थिक अवस्था, सार्वजनिक वित्तमाथिको बढ्दो दबाब तथा सुशासनको आवश्यकतालाई दृष्टिगत गर्दा सङ्घीय संसद् र सरकारको संरचनालाई थप मितव्ययी, प्रभावकारी र परिणाममुखी बनाउने विषयमा गम्भीर पुनरवलोकन आवश्यक देखिन्छ। लोकतन्त्रको सार प्रतिनिधित्वमा मात्र होइन, प्रभावकारी निर्णय क्षमता, उत्तरदायित्व र सार्वजनिक स्रोतको विवेकपूर्ण उपयोगमा पनि निहित हुन्छ । त्यसैले संसद्को आकार निर्धारण गर्दा जनप्रतिनिधित्व र राज्यको वहन क्षमताबिच उचित सन्तुलन कायम गरिनुपर्छ । यस सन्दर्भमा प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित सदस्य सङ्ख्या १५० र समानुपातिक समावेशी प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्या १०० गरी कुल २५० सदस्यीय प्रतिनिधि सभा गठन गर्ने व्यवस्था उपयुक्त हुन सक्छ । यसले प्रत्यक्ष जनप्रतिनिधित्व र समावेशी प्रतिनिधित्वबिच सन्तुलन कायम गर्नुका साथै संसद् सञ्चालन खर्चमा समेत उल्लेखनीय बचत गर्न सहयोग पुऱ्याउनेछ।

राष्ट्रिय सभालाई राजनीतिक नियुक्तिको थलोभन्दा पनि राष्ट्रिय नीति, दीर्घकालीन विकास, संविधान, विज्ञान-प्रविधि, अर्थशास्त्र, शिक्षा, स्वास्थ्य, न्याय, वातावरण तथा अन्य विविध क्षेत्रमा विशिष्ट योगदान दिएका अनुभवी र विज्ञ व्यक्तिहरू सम्मिलित ज्ञान र अनुभवको सदनका रूपमा विकास गर्न आवश्यक छ।

घरघरमा धारा, टऱ्यो वर्सौंदेखिको सङ्कट

❐ **काँक्रेविहार संवाददाता**

सल्यान, ९ असार

वर्षौंदेखि खानेपानी अभाव झेल्दै आएका सल्यानका बासिन्दा अहिले घरघरमा धारा पुगेपछि खुसी भएका छन्। खानेपानीको सहज पहुँचसँगै स्थानीयको दैनिक जीवनमा सकारात्मक परिवर्तन देखिन थालेको छ। पश्चिम सल्यानको वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत भलाखर्क गाउँमा 'सबैका लागि दिगो खानेपानी तथा सरसफाइ (सुस्वा)' कार्यक्रममार्फत ८७ घरधुरीमा शुद्ध खानेपानीको व्यवस्था गरिएको छ।

यसअघि एक गाग्रो पानीका लागि घण्टौं हिँड्नुपर्ने र वर्षायाममा धमिलो पानी प्रयोग गर्नुपर्ने बाध्यता स्थानीयले भोग्दै आएका थिए।

करिब ९३ लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको खानेपानी आयोजना आइतबार स्थानीय उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको नगरपालिकाले जनाएको छ।

आयोजनाबाट विशेषगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक प्रत्यक्ष लाभान्वित भएका छन्। विद्यालय जाने बालबालिकाले समेत पानी ल्याउन समय खर्च गर्नुपर्ने अवस्था अन्त्य भएको स्थानीयले बताएका छन्।

आयोजना हस्तान्तरण कार्यक्रममा नगरप्रमुख कर्णबहादुर बुढाथोकीले दुर्गम क्षेत्रका नागरिकलाई आधारभूत सेवा उपलब्ध गराउनु स्थानीय सरकारको प्राथमिक दायित्व भएको बताए।

कार्यक्रममा पानीको संरक्षण, सरसफाइ तथा मर्मतसम्भार कोषको व्यवस्थापनबारे पनि उपभोक्तालाई जानकारी गराइएको थियो।

खानेपानी अभावका कारण बसाइँसराइको जोखिममा रहेको भलाखर्कमा अब पानीको सहज पहुँचसँगै कृषि, पशुपालन तथा अन्य आर्थिक गतिविधि विस्तार हुने अपेक्षा गरिएको छ। यस्तै, हुम्लाको सिमकोट गाउँपालिका-ओख्रेनका स्थानीय नागरिक पनि करिब तीन दशकपछि व्यवस्थित खानेपानी सेवामा जोडिएका छन्।

लामो समयदेखि पर्याप्त खानेपानीको अभाव झेल्दै आएका स्थानीयको मागअनुसार खानेपानी योजना सञ्चालन गरिएको हो।

नानापानी-कराला खानेपानी उपभोक्ता समितिमार्फत खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय र स्थानीयको श्रमदानसहित १८ लाख ५४ हजार १४ रुपैयाँको लागतमा आयोजना कार्यान्वयन गरिएको उपभोक्ता समितिका अध्यक्ष रामराज शाहीले जानकारी दिए।

हाल ओख्रेन गाउँका ५२ घरधुरीमध्ये १८ घरधुरीमा 'एक घर, एक धारा' निर्माण सम्पन्न भई शुद्ध खानेपानी सेवा पुगेको छ।

बाँकी ३४ घरधुरी भने अझै खुला पाइपबाट आउने पानीमा निर्भर छन्। सबै घरधुरीलाई खानेपानीको पहुँचमा जोड्न थप प्रयास भइरहेको जनाइएको छ।

स्थानीय हरिबहादुर शाहीले लामो समयदेखिको खानेपानी समस्या समाधानका लागि गाउँलेहरूले सक्रिय भूमिका निर्वाह गरेको बताए।

आयोजना सम्पन्न गर्न स्थानीयले श्रमदानसँगै करिब तीन लाख ६३ हजार रुपैयाँ बराबरको अतिरिक्त योगदानसमेत गरेका थिए।

गुट...

उनले कसलाई भोट दिने र कसलाई नदिने भनेर उर्दी जारी गर्ने चरित्र रास्वपाको नभएको बताए।

पार्टीको केन्द्रीय समितिमा पुग्ने नेतृत्व छनोट गर्दा विवेक प्रयोग गर्न उनले प्रतिनिधिलाई आग्रह गरे। 'कसैले सदस्य बनाइदिएका भरमा वा यहाँसम्म ल्याइदिएका भरमा लालमोहर वा औंठाछाप लगाएर आफ्नो इमान बन्धकी राखेर आउनु हुँदैन,' उनले भने।

गलत तरिकाले कसैले हलसम्म ल्याइपुऱ्याएको भए पनि देश र पार्टीप्रति उत्तरदायी भएर सक्षम व्यक्तिलाई मात्र मतदान गर्न उनले सुझाए। गलत पात्र र प्रवृत्तिको एउटा सानो बिउ मात्र रोपिए पनि त्यसले कालान्तरमा दुर्घटना निम्त्याउने भन्दै उनले त्यस्तो परम्परा रास्वपामा भित्रिन नदिन जोड दिए।

निर्वाचनको प्रक्रियामा आफू सबैबाट अलग रहेको बताउँदै उनले चुनाव जसले जिते पनि घण्टीवाहकले नै जित्ने र सबै आफ्नै परिवारको सदस्य भएको बताए। सहमतिको प्रयास भइरहेको भए पनि सबै प्रतिनिधि आफ्ना लागि बराबर र प्रिय भएकाले कसैलाई काखा र कसैलाई पाखा गर्न नसक्ने उनको भनाइ थियो।

कार्यक्रममा लामिछानेले पार्टीभित्र मतभेद वा समस्या आउनु स्वाभाविक भए पनि त्यसलाई समाधान गर्ने क्षमताले नै दललाई परिपक्व बनाउने बताए। पार्टीभित्रका कुनै पनि असन्तुष्टि र मनमुटाबलाई कोठाभित्रै बसेर छलफलमार्फत टुङ्ग्याउनुपर्ने भन्दै उनले सडक वा मैदानमा लगेर तमासा नबनाउन प्रतिनिधिलाई सचेत गराए।

रास्वपा आफ्ना सबै मतभेद अन्त्य गर्न सक्ने पार्टी भएको उदाहरण प्रस्तुत गर्नुपर्ने भन्दै उनले विना विवाद, स्वस्थ र स्वच्छ तरिकाले महाधिवेशन सम्पन्न गरेर इतिहास रच्न आह्वान गरे। बन्दसत्रमा राजनीतिक, आर्थिक र अनुशासन आयोगका प्रतिवेदनहरू प्रस्तुत हुने र त्यसमाथि घनिभूत छलफल गरिने उनले जानकारी दिए।

उत्कृष्ट तीन कृषक सम्मानित



❐ काँक्रेविहार संवाददाता

जुम्ला, ९ असार

तीन जना उत्कृष्ट कृषकलाई कृषि क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको छ। जिल्ला कृषि विकास कार्यालय जुम्लाले आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रम अन्तर्गत उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान प्रदान गरेको हो।

जिल्ला कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीका अनुसार कृषि उत्पादन वृद्धि, व्यवसायिक खेती तथा अन्य कृषकलाई प्रेरित गर्ने योगदानका आधारमा अगुवा तथा अनुभवी कृषकहरूलाई सम्मान गरिएको हो। कार्यक्रम अन्तर्गत 'मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार' समेत प्रदान गरिएको थियो। हिमा गाउँपालिका तिनका स्याउ कृषक तथा कठायत एग्रो फर्मका सञ्चालक सार्की कठायत प्रथम घोषित हुँदै ३० हजार रुपैयाँ नगदसहित सम्मानित भएका हुन्। त्यसैगरी चन्दननाथ नगरपालिका आठ स्थित भवानी कृषि तथा एग्रो फर्मका सञ्चालक भैरवबहादुर धराला द्वितीय हुँदै २५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका थिए।

सम्मान ग्रहणपछि कृषक सार्की कठायतले कृषि क्षेत्रमा मेहनत र लगनशीलताका साथ काम गरे स्वदेशमै राम्रो आम्दानी गर्न सकिने बताए।

रोजगारीका लागि विदेशिनुपर्ने बाध्यता कम गर्न कृषि क्षेत्र प्रभावकारी माध्यम बन्न सक्ने उनको भनाइ थियो। उनले पछिल्लो समय जुम्लामा विशेषगरी स्याउ खेतीप्रति कृषकहरूको आकर्षण बढ्दै गएको उल्लेख गर्दै आधुनिक प्रविधिको प्रयोग र व्यवसायिक खेती विस्तारमा जोड दिनुपर्ने बताए।

कार्यक्रममा गुठिचौर एग्रो फर्मका सञ्चालक टंक गिरीलाई पनि विशेष सम्मान गरिएको थियो। केही दिनअघि राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित भएका गिरीको उपलब्धिको कदर गर्दै कार्यालयले सम्मान गरेको जनाएको छ।

जिल्ला कृषि विकास कार्यालयले कृषकहरूलाई कृषि पेशाप्रति थप आकर्षित गर्न, सफल कृषकका अनुभव आदानप्रदान गर्न तथा व्यवसायिक कृषिको प्रवर्द्धन गर्न यस्ता सम्मान कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरेको छ।

जलविद्युत् आयोजना बारे सार्वजनिक सुनुवाइ

❐ काँक्रेविहार संवाददाता

डोल्पा, ९ असार

डोल्पा, जाजरकोट र रुकुम पश्चिमलाई जोड्ने १२४.३५ मेगावाट क्षमताको जगदुल्ला-पी जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) प्रतिवेदनमाथि सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ।

आयोजनाको विकाससँगै वातावरणीय तथा सामाजिक प्रभावबारे स्थानीयवासी र सरोकारवालाले आफ्ना धारणा राखेका छन्।

जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा आयोजित सुनुवाइमा आयोजना क्षेत्रका स्थानीय, जनप्रतिनिधि तथा विभिन्न क्षेत्रका सरोकारवालाको सहभागिता रहेको थियो।

आयोजना डोल्पाको मुड्केचुला गाउँपालिका, जाजरकोटको नलगाड नगरपालिका र रुकुम पश्चिमको आठबिसकोट नगरपालिका क्षेत्रलाई समेटेर निर्माण गर्न लागिएको हो।

आयोजना अनुसार मुड्केचुला क्षेत्रमा बाँध निर्माण गरिनेछ भने विद्युत्गृह नलगाड नगरपालिका-१३ मा रहनेछ। बाँधदेखि विद्युत्गृहसम्म करिब ७.५ किलोमिटर लामो सुरुङ निर्माण गर्ने योजना रहेको छ।



सार्वजनिक सुनुवाइमा प्रस्तुत गरिएको ईआईए प्रतिवेदनमा आयोजनाबाट विद्युत् उत्पादन वृद्धि, रोजगारी सिर्जना, सडक तथा अन्य पूर्वाधार विकास, व्यापार विस्तार र स्थानीय तहको राजस्व वृद्धिजस्ता सकारात्मक पक्ष औँल्याइएको छ। तर आयोजना निर्माणका क्रममा वन क्षेत्र प्रभावित हुने, रूख कटान गर्नुपर्ने, वन्यजन्तुको बासस्थानमा असर पर्ने तथा नदीको बहाव परिवर्तन हुँदा जलचर प्रजातिमा प्रभाव पर्न सक्ने उल्लेख गरिएको छ।

स्थानीयवासीले विकास आवश्यक भए पनि वातावरणीय क्षति न्यून गर्न, प्रभावित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा स्थानीयलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने माग राखेका थिए।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटाले आयोजनाबाट सिर्जना हुने रोजगारीमा स्थानीयलाई प्राथमिकता दिइने र जग्गा अधिग्रहण तथा क्षतिपूर्ति कानुनी प्रक्रियाअनुसार प्रदान गरिने बताए।

वातावरण विज्ञ मधुकर खड्काले सार्वजनिक सुनुवाइबाट प्राप्त सुझाव र गुनासाहरू अन्तिम ईआईए प्रतिवेदनमा समावेश गरिने जानकारी दिए।

ऊर्जा उत्पादनमार्फत कर्णालीको आर्थिक विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको जगदुल्ला-पी आयोजना विकास र वातावरणीय सन्तुलनबीचको महत्वपूर्ण परियोजनाका रूपमा हेरिएको छ।

महिलालाई पहिलो पटक कानुनी सचेतना

❐ काँक्रेविहार संवाददाता

हुम्ला, ९ असार

हुम्लाको नाम्खा गाउँपालिका चार स्थित चाला गाउँका महिलाहरूलाई लक्षित गर्दै पहिलो पटक कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। दुर्गम क्षेत्रमा बसोबास गर्ने महिलाहरूलाई महिला अधिकार, मानव अधिकार तथा विभिन्न प्रकारका हिंसाविरुद्ध रहेका कानुनी व्यवस्थाबारे जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। गाउँमा यसअघि यस्ता कुनै पनि सचेतनामूलक कार्यक्रम सञ्चालन नभएकाले महिलाहरूले कानुन तथा आफ्नो अधिकारबारे पर्याप्त जानकारी पाउन सकेका थिएनन्। सोही अवस्थालाई मध्यनजर गर्दै आयोजना गरिएको कार्यक्रममा महिला हिंसा, बालविवाह, बहुविवाह, छाउपडी प्रथा, बहुपति प्रथा, घरेलु हिंसा लगायतका सामाजिक विकृति तथा विसंगतिका विषयमा विस्तृत जानकारी प्रदान गरिएको थियो। कानुनी सहायता अधिकारी राजन चन्दले महिलाविरुद्ध हुने विभिन्न प्रकारका हिंसा तथा भेदभावजन्य गतिविधि कानुनले निषेध गरेको बताउँदै त्यस्ता घटनाबाट पीडित महिलाले कानुनी उपचार र न्याय प्राप्त गर्न सक्ने व्यवस्था रहेको जानकारी गराए।

उनले हिंसाका घटनालाई लुकाएर राख्नुभन्दा सम्बन्धित निकायमा जानकारी गराई कानुनी प्रक्रियामा जान आवश्यक रहेको बताए। कार्यक्रममा महिला अधिकार, मानव अधिकार तथा संविधानले सुनिश्चित गरेका आधारभूत अधिकारबारे पनि जानकारी गराइएको थियो। साथै सरकारले महिला तथा बालबालिकाको संरक्षणका लागि लागू गरेका विभिन्न ऐन, नियम तथा नीतिका बारेमा समेत सहभागीहरूलाई अवगत गराइएको थियो।

कार्यक्रममा सहभागी महिलाहरूले यस्ता विषयमा पहिलो पटक जानकारी पाएको बताएका छन्। कानुन र अधिकारसम्बन्धी जानकारीको अभावमा धेरै महिलाले विभिन्न समस्याहरू भोग्दै आए पनि सचेतना कार्यक्रमले आफूहरूलाई केही हदसम्म जानकारी र आत्मविश्वास दिएको उनीहरूको भनाइ थियो।

कार्यक्रमका क्रममा सहभागी महिलाहरूले आफ्ना जिज्ञासा तथा स्थानीय स्तरमा देखिएका समस्या पनि प्रस्तुत गरेका थिए। ती जिज्ञासाको कानुनी पक्षबाट समाधान तथा आवश्यक परामर्श प्रदान गरिएको थियो।

जनहितमा जारी सूचना !

- पचालझरना गाउँपालिकाभित्रका सम्पूर्ण नागरिकहरूमा जानकारी गराइन्छ कि गाउँपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाहका लागि गाउँपालिका निरन्तर रूपमा क्रियाशील रहेको छ।
- गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका योजना तथा कार्यक्रमहरूमा स्थानीय नागरिकको सक्रिय सहभागिता, निगरानी र सहयोग आवश्यक रहेको हुँदा सबै सरोकारवालालाई जिम्मेवार भूमिका निर्वाह गर्न अनुरोध गरिन्छ।
- वर्षायाम नजिकिँदै गएकाले बाढी, पहिरो तथा प्राकृतिक विपद्का सम्भावित जोखिमप्रति सचेत रहन, जोखिमयुक्त स्थानमा अनावश्यक आवतजावत नगर्न तथा कुनै पनि विपद् सम्बन्धी सूचना प्राप्त भएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराउन अनुरोध गरिन्छ।
- साथै, सरसफाइ, वातावरण संरक्षण, खानेपानी स्रोतको संरक्षण, वन तथा प्राकृतिक सम्पदाको दिगो उपयोग, बालविवाह, छुवाछुत, लैङ्गिक हिंसा तथा अन्य सामाजिक विकृति विरुद्ध सचेतना फैलाउन सबै नागरिकलाई आग्रह गरिन्छ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा, सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता, कृषि तथा पशुपालन कार्यक्रम, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य विकाससम्बन्धी जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
- समृद्ध, सुरक्षित र सुशासित पचालझरना निर्माणका लागि सम्पूर्ण नागरिकको सहयोग, सुझाव र सहभागिताको अपेक्षा गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पछेडा, कालीकोट

जनहितमा जारी सूचना !

- खाँडाचक्र नगरपालिकाभित्रका सम्पूर्ण नागरिकहरूमा जानकारी गराइन्छ कि नगरपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाहका लागि गाउँपालिका निरन्तर रूपमा क्रियाशील रहेको छ।
- नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माणका योजना तथा कार्यक्रमहरूमा स्थानीय नागरिकको सक्रिय सहभागिता, निगरानी र सहयोग आवश्यक रहेको हुँदा सबै सरोकारवालालाई जिम्मेवार भूमिका निर्वाह गर्न अनुरोध गरिन्छ।
- वर्षायाम नजिकिँदै गएकाले बाढी, पहिरो तथा प्राकृतिक विपद्का सम्भावित जोखिमप्रति सचेत रहन, जोखिमयुक्त स्थानमा अनावश्यक आवतजावत नगर्न तथा कुनै पनि विपद् सम्बन्धी सूचना प्राप्त भएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराउन अनुरोध गरिन्छ।
- साथै, सरसफाइ, वातावरण संरक्षण, खानेपानी स्रोतको संरक्षण, वन तथा प्राकृतिक सम्पदाको दिगो उपयोग, बालविवाह, छुवाछुत, लैङ्गिक हिंसा तथा अन्य सामाजिक विकृति विरुद्ध सचेतना फैलाउन सबै नागरिकलाई आग्रह गरिन्छ।
- नगरपालिकाबाट प्रदान गरिने सेवा, सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता, कृषि तथा पशुपालन कार्यक्रम, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य विकाससम्बन्धी जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
- समृद्ध, सुरक्षित र सुशासित खाँडाचक्र रारा निर्माणका लागि सम्पूर्ण नागरिकको सहयोग, सुझाव र सहभागिताको अपेक्षा गर्दछौं।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालीकोट

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

बुधवार, १० असार, २०८३
Wednesday, 24 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

पर्यटकीय पूर्वाधार विस्तारमा जुट्दै वीरेन्द्रनगर

काँक्रेविहार संवाददाता

सुर्खेत, ९ असार

कर्णाली प्रदेशमा पर्यटनको प्रचुर सम्भावना भए पनि आवश्यक पूर्वाधार र प्रभावकारी प्रचारप्रसारको अभावमा अपेक्षित लाभ लिन सकिएको छैन।

पछिल्लो समय भने प्रदेशको राजधानी वीरेन्द्रनगरलाई पर्यटनको प्रमुख केन्द्रका रूपमा विकास गर्न विभिन्न पूर्वाधार निर्माणका काम तीव्र बनाइएका छन्। वीरेन्द्रनगर नगरपालिकाले घण्टाघर, बुलबुले उद्यान, काँक्रेविहार, सहिद पार्कलगायतका पर्यटकीय क्षेत्रलाई व्यवस्थित गर्दै पर्यटन प्रवर्द्धनका योजना कार्यान्वयन गरिरहेको छ। पछिल्ला वर्षहरूमा यी स्थलहरूमा आन्तरिक पर्यटकको आकर्षण बढ्दै



गएको छ। नगरपालिकाको महत्वाकांक्षी योजनामध्ये 'ग्रेटर घण्टाघर' निर्माण प्रमुख रहेको छ। कर्णालीका दसै जिल्लाको सांस्कृतिक तथा पर्यटकीय पहिचान झल्किने गरी घण्टाघर क्षेत्रलाई आधुनिक पार्क, सभाहल, पब्लिक प्लाजा, योगा क्षेत्र, बाल उद्यान तथा खुला मनोरञ्जन स्थल सहित विकास गर्न लागिएको हो।

आर्थिक वर्ष २०७८/७९ देखि सुरु भएको यस योजना अन्तर्गत घण्टाघर क्षेत्रको पर्खाल निर्माण, खुला पार्क र मण्डला सहितका संरचना निर्माणको काम भइरहेको छ। त्यसैगरी बुलबुले क्षेत्रको संरक्षण र सौन्दर्यीकरणका लागि प्रदेश राजधानी संरक्षण योजना अन्तर्गत १७ करोड १५ लाख रुपैयाँभन्दा बढी लागतमा नदी नियन्त्रण तथा पानी व्यवस्थापनको काम सुरु गरिएको छ। बुलबुले तालदेखि काँक्रेविहार जंगलसम्म करिब एक किलोमिटर क्षेत्रमा पानीको बहाव व्यवस्थित गर्ने, तट संरक्षण गर्ने तथा पर्यटकका लागि आकर्षक वातावरण तयार गर्ने लक्ष्य राखिएको छ। बुलबुले र काँक्रेविहारलाई जोड्ने पैदलमार्ग, साना पुल तथा नयाँ ताल निर्माणका काम पनि अघि बढाइएको छ। चरा तथा जलस्रोत संरक्षणलाई ध्यानमा राख्दै एक करोड १२ लाख रुपैयाँभन्दा बढी लागतमा ताल निर्माण भइरहेको छ। यसले पर्यावरण संरक्षणसँगै पर्यटक आकर्षणमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ।

नगरप्रमुख मोहनमाया ढकालका अनुसार पर्यटन क्षेत्रको सम्भावनालाई आर्थिक विकाससँग जोड्ने लक्ष्यसहित नगरपालिकाले पूर्वाधार निर्माणलाई प्राथमिकता दिएको छ।

आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेटमा समेत पर्यटन विकासका योजना समावेश गरिएको उनले बताइन्। पर्यटकीय क्षेत्रको संरक्षण, व्यवस्थापन र नयाँ पूर्वाधार निर्माणका यी प्रयासले वीरेन्द्रनगरलाई कर्णाली प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

नगरपालिकाको निर्णय पुस्तिका हरायो, प्रशासनसँग गुहार

काँक्रेविहार संवाददाता

जाजरकोट, ९ असार

भेरी नगरपालिकाको कार्यपालिका बैठकसँग सम्बन्धित महत्वपूर्ण निर्णय पुस्तिका हराएपछि नगरपालिकाले खोजी कार्यमा सहयोग गर्न जिल्ला प्रशासन कार्यालय जाजरकोटसँग अनुरोध गरेको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुहरि तिमल्सेनाले जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गर्दै कार्यपालिका बैठकका क्रममा निर्णय पुस्तिका हराएको जानकारी गराए।

पत्रअनुसार असार नौ गते बसेको कार्यपालिका बैठकमा सदस्यहरूको उपस्थिति दर्ता सम्पन्न भएपछि निर्णय पुस्तिका फेला नपरेको जानकारी प्राप्त भएको थियो।

नगरपालिकाले उपलब्ध जानकारी र प्रारम्भिक तथ्यका आधारमा खोजी प्रक्रिया अघि बढाएको जनाएको छ। पत्रमा वडा नम्बर दुईका वडाध्यक्ष भीमबहादुर कार्की निर्णय पुस्तिका लिएर नगर उपप्रमुखको कार्यक्रममा पुगेको दृश्य सिसिटिभी फुटेजमा देखिएको उल्लेख गरिएको छ। यद्यपि पुस्तिकाको वर्तमान अवस्थाबारे कुनै आधिकारिक जानकारी प्राप्त हुन नसकेको जनाइएको छ। नगर उपप्रमुखको सचिवालयसँग सम्पर्क गर्दा पनि निर्णय पुस्तिकाबारे कुनै जानकारी प्राप्त नभएको नगरपालिकाले जनाएको छ। यसै आधारमा हराएको अभिलेखको खोजी तथा आवश्यक समन्वयका लागि जिल्ला प्रशासन कार्यालयसँग सहयोग मागिएको हो। नगरपालिकाले पठाएको पत्रको बोधार्थ नगर प्रमुख तथा जिल्ला प्रहरी कार्यालय जाजरकोटलाई समेत दिइएको छ। घटना सम्बन्धमा थप अनुसन्धान तथा खोजी प्रक्रिया अघि बढ्ने जनाइएको छ। स्थानीय तहका निर्णय, नीति तथा प्रशासनिक प्रक्रिया अभिलेख गर्ने महत्वपूर्ण दस्तावेजका रूपमा निर्णय पुस्तिकालाई लिइन्छ। यस्तो संवेदनशील अभिलेख हराएको घटनाले नगरपालिकाभित्र मात्र होइन, स्थानीय स्तरमै चासो र चर्चा बढाएको छ। नगरपालिकाले निर्णय पुस्तिका फेला पार्न सम्बन्धित सबै पक्षसँग सहयोगको अपेक्षा गरेको जनाएको छ।

रेबिजबारे सचेत बनौं

कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ।

यसबाट बच्न:

- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,

रेविज लाग्न नदिन समयमा विचार पुऱ्याऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

जनहितमा जारी सूचना !

- शुभकालीका गाउँपालिकाभित्रका सम्पूर्ण नागरिकहरूमा जानकारी गराइन्छ कि गाउँपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाहका लागि गाउँपालिका निरन्तर रूपमा क्रियाशील रहेको छ।
- गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका योजना तथा कार्यक्रमहरूमा स्थानीय नागरिकको सक्रिय सहभागिता, निगरानी र सहयोग आवश्यक रहेको हुँदा सबै सरोकारवालालाई जिम्मेवार भूमिका निर्वाह गर्न अनुरोध गरिन्छ।
- वर्षायाम नजिकिँदै गएकाले बाढी, पहिरो तथा प्राकृतिक विपद्का सम्भावित जोखिमप्रति सचेत रहन, जोखिमयुक्त स्थानमा अनावश्यक आवतजावत नगर्न तथा कुनै पनि विपद् सम्बन्धी सूचना प्राप्त भएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराउन अनुरोध गरिन्छ।
- साथै, सरसफाइ, वातावरण संरक्षण, खानेपानी स्रोतको संरक्षण, वन तथा प्राकृतिक सम्पदाको दिगो उपयोग, बालविवाह, छुवाछुत, लैङ्गिक हिंसा तथा अन्य सामाजिक विकृति विरुद्ध सचेतना फैलाउन सबै नागरिकलाई आग्रह गरिन्छ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा, सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता, कृषि तथा पशुपालन कार्यक्रम, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य विकाससम्बन्धी जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
- समृद्ध, सुरक्षित र सुशासित शुभकालीका निर्माणका लागि सम्पूर्ण नागरिकको सहयोग, सुझाव र सहभागिताको अपेक्षा गर्दछौं।

शुभकालीका गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कालीकोट



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)